**पाँचखपन नगरपालिका, संखुवासभा**

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ६ मितिः २०७९/०७/२१

## भाग-२

## पाँचखपन नगरपालिकाको सूचना

### पाँचखपन नगरपालिकाको आर्थिक सहयता वितरण सम्बन्धी नियमावली, २०७९

**प्रस्तावना :** पाँचखपन नगरपालिका, संखुवासभा अन्तर्गत आर्थिक रुपमा विपन्न एवं विपत्तिमा परेका, दीर्घ रोगी तथा परम्परागत संस्कृति संरक्षणको लागि आयोजना हुने कार्यक्रमको लागि नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराउने आर्थिक सहायतामा एकरुपता, पारदर्शी र निश्पक्ष बनाउन वाञ्छनीय भएकोले

पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी पाँचखपन नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यो नियमावलीको नाम "पाँचखपन नगरपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी नियमावली, २०७९" रहने छ ।

(२)यो नियमावली नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

### परिच्छेद-२
### परिभाषा

२. <u>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :</u>

(क) "ऐन" भन्नाले पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ सम्झनुपर्दछ ।

(ख) "नगरपालिका" भन्नाले पाँचपखन नगरपालिका, संखुवासभा सम्झनुपर्दछ ।

(ग) "आर्थिक सहायता" भन्नाले नगर कार्यपालिकाको कार्यालय बाट निःशुल्क रुपमा उपलब्ध गराईने नगद वा जिन्सी सम्झनुपर्दछ ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(च) "वडा कार्यालय" भन्नाले सम्बन्धित वडाको कार्यालय सम्झनुपर्दछ ।

(छ) "पञ्जिकाधिकारी" भन्नाले सम्बन्धित वडाको पञ्जीकरण सम्बन्धी कार्य गर्ने अधिकारीलाई सम्झनुपर्दछ ।

(ज) "स्वास्थ्य केन्द्र" भन्नाले कम्तिमा मेडिकल अधिकृत दरबन्दी भएको प्राथमिक स्वास्थ्य केन्द्रलाई सम्झनुपर्दछ ।

(झ) "नेपाल प्रहरी कार्यालय" भन्नाले नजिकको प्रहरी चौकी वा प्रहरी कार्यालयलाई सम्झनुपर्दछ ।

(ञ) "मृतक व्यक्ति" भन्नाले अति विपन्न परिवारको मृतक व्यक्ति सम्झनु पर्दछ।

## परिच्छेद-३

## आर्थिक सहायता सम्बन्धी व्यवस्था र कार्यान्वयन

४. **आर्थिक सहायता सम्बन्धी व्यवस्थाः** (१) यस नियमावली बमोजिम प्रदान गरिने आर्थिक सहायता नगरपालिकाको नाममा रहेको आर्थिक सहायता र विपद् व्यवस्थापन कोष खर्च खाताबाट उपलब्ध गराउनु पर्नेछ ।

(२) नियम ४ को उपनियम (१) बमोजिम आर्थिक सहायता उपलब्ध गराउदा सम्बन्धित वडा समितिको निर्णय तथा सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम नगरपालिका प्रमुखद्वारा निर्णय गरी उपलब्ध गराउन सकिनेछ ।

५. **आर्थिक सहायता प्रदान गर्न सक्नेः** (१) यस नियमावली बमोजिम आर्थिक सहायता उपलब्ध गराउदा देहाय बमोजिमको कागजात पुरा भई आएमा नगर प्रमुखले **अनुसूची-१** बमोजिम आर्थिक सहायता रकम एक आर्थिक वर्षमा १ पटक मात्र प्रदान गर्न सक्नेछ ।

क) विपदबाट क्षति भएको हकमा नेपाल प्रहरी कार्यालयको स्थलगत सर्जमिन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफरिस पत्र ।

ख) दीर्घ रोगीको हकमा आधिकारीक स्वास्थ्य केन्द्रले दीर्घ रोगी हो भनि गरेको प्रमाण र सम्बन्धित वडा कार्यालयको सिफरिस पत्र ।

ग) मृतक व्यक्तिको हकमा सम्बन्धित पञ्जिकाधिकारीबाट जारी मृत्यु दर्ताको प्रमाणपत्र र वडा कार्यालयको सिफारिस पत्र ।

घ) जातीय, साँस्कृतिक संघ-संस्था तथा पर्व खर्च वापत प्रदान गरिने रकमको हकमा सम्बन्धित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(२) नियम ५ को उपनियम (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा उल्लेख भएता पनि अपवादको रुपमा एकै व्यक्ति वा परिवारमा एकै आर्थिक बर्ष भित्र एक पटक भन्दा उल्लिखित भए बमोजिमको घटना घटेमा नगर कार्य पालिकाले आवश्यक निर्णय गरी सहायता प्रदान गर्न सक्नेछ।

(३) नियम ५ को उपनियम (१) बमोजिम आर्थिक सहायता प्रदान गर्दा खर्चको बिल भर्पाइ पेश नगरे पनि उल्लिखित बमोजिमको आर्थिक सहायता वापतको रकम भुक्तानी गर्न कुनै बाधा पर्ने छैन ।

## परिच्छेद —४
## विविध

६. **संशोधन तथा परिमार्जन गर्न सक्नेः** (१) पाँचखपन नगरपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी नियमावली, २०७९ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

७. **प्रचलित कानून लागू हुनेः** यस नियमावलीमा भएको व्यवस्था प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ ।

७. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः** (१) यस नियमावलीको उद्देश्य कार्यन्वयन गर्न नगर कार्यपालिकाले यस नियमावली बमोजिम निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ लागू गर्न सक्नेछ।

८. **खारेजी र बचाउः** (१) यो नियमावली लागू हुनुभन्दा अगाबै वितरण भएको आर्थिक सहायता यसै नियमावली बमोजिम भएको मानिनेछ ।

(२) यस नियमावलीमा व्यवस्था भएको प्रावधान प्रचलित कानुन संग बाझिएको हकमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।

## अनुसूची–१
### (नियम ५ को उपनियम (१) सँग सम्बन्धित)
### आर्थिक सहायता सूची

| क्र.सं. | आर्थिक सहायता प्राप्त गर्ने क्षेत्र | आर्थिक सहायता प्राप्त गर्ने अवस्था | आर्थिक सहायता रकम रु. (न्यूनतम-अधिकतम्) | कैफियत |
|---|---|---|---|---|
| १ | दीर्घ रोगी | नेपाल सरकारले उपचार सहुलियत वापत तोके बमोजिमका दीर्घ रोगमध्ये मुटु रोग, मृगौला, अल्जाइमर, पार्किन्सन, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकल सेल एनेमिया भएको प्रमाणित भएमा। | ५०००-२०००० | |
| २ | परम्परागत संस्कृति संरक्षण | जातीय, वा धार्मिक । | ५०००-२०००० | |
| ३ | गम्भिर दुर्घटना | उपचारमा अप्रेशन गर्नु पर्ने अवस्था, आइ.सि.यु. मा राख्नु पर्ने जटिल उपचारमा पालिका बाहिर जानुपर्ने अवस्था भएमा । | ५०००-५०००० | |
| ६ | विपद | घर वा जग्गा वा कृषि वा पशुपन्छी व्यवसाय पूर्ण क्षति भएमा । | ५०००- २०००० | |
| | | घर वा जग्गा वा कृषि वा पशुपन्छी व्यवसाय आंशिक क्षति भएमा । | ५०००-१०००० | |
| ७ | अन्य | महामारी वा गरिवीको कारण खान नपाई भोकभोकै पर्ने अवस्था भएमा । | ५०००- १०००० | नगद वा जिन्सी |
| ८ | संघसंस्था सहायता | विगतदेखि प्रति महिना पूजा खर्च उपलब्ध गराउदै आएका मठमन्दिर भएमा । | मासिक २००० प्रति मठमन्दिर | |
| | | विशेष पर्वको अवसरमा वार्षिक एक पटक पूजा खर्च | ५०००–२५००० | |

आज्ञाले,
गणेशमान सिं राई
प्रमुख प्रशासकीय अधिकृत